प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०७५/०७६ मा डिप्लोमा तथा प्रमाणपत्र तह र प्राविधिक एस.एल.सी तहको उत्तीर्ण सूची (Cut off List) बाट पुर्ण शुल्कीय तर्फ भर्ना गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

(सूचना प्रकाशित मिति २०७५।०६।२९ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट प्राविधिक शिक्षाको विकास, विस्तार र पहुंचलाई मध्यनजर राखी शैक्षिक सत्र २०७५/०७६ का लागि सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम संचालन गर्न परिषद्को स्तरनिर्धारण महाशाखाको च.नं ११९८ मिति २०७५।०६।२१ र TECS महाशाखाको च.नं १२११, मिति २०७५।०६।२४ को पत्रानुसार सम्बन्धन स्वीकृति प्राप्त भएका तपसिल बमोजिमका शिक्षण संस्था तथा कार्यकममा परिषद्, परीक्षा नियन्त्रण कार्यालयबाट शैक्षिक शत्र २०७५/०७६ मा लिइएको डिप्लोमा तथा प्रमाणपत्र तहको र प्राविधिक एस.एल.सी तहको प्रवेश परीक्षामा सामेल भई उत्तीर्ण सूची (Cut off List) मा रहेका इच्छुक परिक्षार्थीहरुलाई तल उल्लेखित शिक्षण संस्थाहरुमा परिषद् परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको "डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४(संशोधन सहित)" बमोजिम पुर्ण शुल्कीय तर्फ यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र भर्ना गर्नु गराउनु हुन सूचित गरिन्छ ।

**१. शैक्षिक सत्र २०७५/०७६ मा भर्नाका लागि परिषद्का TECS शिक्षण संस्थामा डिप्लोमा तहको कार्यक्रम सम्बन्धन/स्वीकृतीको विवरण :**

| क्र.सं | बिद्यालयको नाम | ठेगाना | जिल्ला | अवधी | कार्यक्रम | कोटा | प्रदेश नं |
|---|---|---|---|---|---|---|---|
| १. | श्री चन्द्र मा.बि | सिराहा न.पा. १ | सिराहा | ३ बर्षे | सिभिल | ४८ | २ |
| २. | श्री जनकल्याण मा.बि. | बाफीकोट गा.पा २ | रुकुम पश्चिम | ३ बर्षे | बाली बिज्ञान | ४० | कर्णाली |
| ३. | श्री चन्दननाथ मा.बि | चन्दननाथ न.पा ४, खलंगा बजार | जुम्ला | ३ बर्षे | बाली बिज्ञान | ४० | कर्णाली |

**२. शैक्षिक सत्र २०७५/०७६ मा भर्नाका लागि परिषद्का TECS शिक्षण संस्थामा प्राविधिक एस.एल.सी तहको कार्यक्रम सम्बन्धन/स्वीकृतीको विवरण :**

| क्र.सं | बिद्यालयको नाम | ठेगाना | जिल्ला | अवधी | कार्यक्रम | कोटा | प्रदेश नं |
|---|---|---|---|---|---|---|---|
| १. | श्री तपसी बाबा मा.वि | हसनपुर न.पा ६ | धनुषा | १८ महिने | इलेक्ट्रिकल | ४० | २ |
| २. | श्री बिरेन्द्र मा.वि | गंगादेव गा.पा ३ | रोल्पा | १८ महिने | बाली बिज्ञान | ४० | ५ |
| ३. | श्री सरस्वती मा.वि | नारायण न.पा ८ | दैलेख | १८ महिने | पशु बिज्ञान | ४० | कर्णाली |
| ४. | श्री सुनिपिपलचौर मा.वि | जयपृथ्वी न.पा ७ | बझाङ्ग | १८ महिने | बाली बिज्ञान | ४० | सुदुर पश्चिम |
| ५. | श्री कृष्ण मा.वि | शैल्यशिखर न.पा १ | दार्चुला | १८ महिने | इलेक्ट्रिकल | ४० | सुदुर पश्चिम |

३. सम्बन्धित शिक्षण संस्थाहरुले उल्लेखित शैक्षिक कार्यक्रमका लागि तोकिएको कोटा मध्ये छात्रवृत्तिको लागि तोकिएको कोटा बाहेकका सिटहरुमा मात्र विद्यार्थी भर्ना गर्नुपर्ने छ । उल्लेखित कोटा भन्दा बढी विद्यार्थी भर्ना गरेको पाइएमा परिषद् रजिष्ट्रेशन नहुने भएकोले सम्बन्धित शिक्षण संस्था, विद्यार्थी एवं अभिभावकहरुलाई यसै सूचनाद्वारा सूचित गरिन्छ । स्वीकृत कोटा भन्दा बढी विद्यार्थी भर्ना गर्ने शिक्षण संस्थाहरुलाई कानून बमोजिम कारवाही भई जाने व्यहोरा समेत सूचित गराइन्छ ।

**४. निवेदन बुझाउने सम्बन्धी जानकारी :**

माथि उल्लेखित सम्बन्धित शिक्षण संस्थाहरुमा नतिजा विवरणको प्रतिलिपी, प्रवेशपत्रको प्रतिलिपी निवेदन साथ संलग्न राखी पेश गर्नुपर्नेछ ।

५. शिक्षण संस्थाहरुले शैक्षिक क्यालेन्डरलाई असर नपर्ने गरी अतिरिक्त समयमा समेत कक्षा संचालन गरी अनिवार्य रुपमा पाठ्यक्रम अनुसार निर्धारित कोर्ष पुरा गर्नुपर्नेछ ।

६. प्रत्येक शिक्षण संस्थाले सूचना प्रकाशन शुल्क वापत प्रति कार्यक्रम रु ५,०००।- (अक्षरेपी रु. पांच हजार) का दरले र एकै शिक्षण संस्थामा एक भन्दा बढी कार्यक्रम संचालन भएको खण्डमा प्रति कार्यक्रम थप रु.३,०००।- (अक्षरेपी रु. तीन हजार) का दरले एकमुष्ट रकम परिषद्को नाममा रा.वा.बैक, शाखा कार्यालय, सानोठिमी, भक्तपुर स्थित च.हि.नं १७३०००००११०१ मा तथा परिषद्को पुर्व क्षेत्र क्षेत्रीय कार्यालयको कार्यक्षेत्र भित्र पर्ने शिक्षण संस्थाहरुले रा.वा.बैंक, इटहरी स्थित च.हि.नं २५५०००१२७८०१ मा, मध्य क्षेत्र क्षेत्रीय कार्यालयको कार्यक्षेत्र भित्र पर्ने शिक्षण संस्थाहरुले भरतपुर, चितवन स्थित रा.वा.बैंक, भरतपुर स्थित च.हि.नं १३१०००६६७१०१ मा र पश्चिम क्षेत्र क्षेत्रीय कार्यालयको कार्यक्षेत्र भित्र पर्ने शिक्षण संस्थाहरुले रा.बा.बैंक, कोहलपुर, बांके स्थित च.हि.नं ४२८००००९१९०१ मा क्षेत्रीय कार्यालयको नाममा रा.वा.बैंक शाखा कार्यालयमा खोलिएको आम्दानी खातामा जम्मा भएको सक्कल भौचरको पछाडी बुझाउने शिक्षण संस्थाको नाम, ठेगाना र रकम जम्मा गर्नुको प्रयोजन उल्लेख गरीएको बैक भौचर मिति २०७५।०७।१५ गते भित्र बुझाउनु पर्नेछ । भर्ना सम्बन्धी विवरण एवं सोको Softcopy (CD) समेत पत्र साथ संलग्न गरी १५ दिन भित्र परिषद्का सम्बन्धित क्षेत्रीय कार्यालय तथा परिषद्को परीक्षा नियन्त्रण कार्यालय, रजिष्ट्रेशन शाखामा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

**नोटः** यस सूचनामा समावेश हुन नसकेका प्रवेश परीक्षा तथा भर्ना सम्बन्धी प्रावधानहरु परिषद्को ऐन, नियम, विनियम तथा परिषद् प.नि.का.द्वारा जारी गरिएको "डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४(संशोधन सहित)" बमोजिम हुनेछ । कार्यक्रम संचालन गर्ने शिक्षण संस्थाहरुले उल्लेखित निर्देशिका परिषद्को वेभसाइट www.ctevt.org.np बाट डाउनलोड गरी अनिवार्य रुपमा अध्ययन गर्नु हुन अनुरोध गरिन्छ ।

**यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**